प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तथा प्रमाणपत्र तहको वार्षिक कार्यक्रमको परीक्षा आवेदन फाराम भर्नेबारे अत्यन्त जरुरी सूचना

(मिति : २०८२।०३।०५ गते प्रकाशित)

यस परिषद्का आङ्गिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा सञ्चालित शिक्षण संस्थाहरूमा प्रमाणपत्र तह नर्सिङ, सामान्य चिकित्सा, मेडिकल ल्याब टेक्नोलोजी, रेडियोग्राफी, आयुर्वेद सामान्य चिकित्सा, अकुपन्चर, डेन्टल साइन्स (डेन्टल हाइजिन), अप्थाल्मिक साइन्स, मिडवाइफरी, फार्मेसी, फिजियोथेरापी, योग एन्ड नेचुरोपेथी, फरेस्ट्री कार्यक्रमहरूको **प्रथम, दोस्रो र तेस्रो वर्षको नियमित तथा आंशिक** एवं डिप्लोमा तह कृषि (बाली विज्ञान र पशु विज्ञान) को **प्रथम, दोस्रो र तेस्रो वर्षको आंशिक** परीक्षाहरू भदौ महिनामा सञ्चालन हुने भएकोले परीक्षार्थीहरूले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०८२ साल असार २५ गतेभित्र नियमित शुल्कमा र २०८२ असार ३२ गतेभित्र विलम्ब शुल्कमा तोकिएको हुँदा सम्बन्धित शिक्षण संस्थाहरूले अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भराउनहुन यो सूचना प्रकाशित गरिएको छ।

प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम (दलित, मुस्लिम, लोपोन्मुख जाति अन्तर्गत वार्षिक परीक्षा प्रणाली अन्तर्गतका सामान्य चिकित्सा, नर्सिङ, फिजियोथेरापी, फार्मेसी, कृषि (बाली विज्ञान र पशु विज्ञान) र फरेस्ट्री कार्यक्रमहरूको **प्रथम, दोस्रो र तेस्रो वर्षको नियमित** तथा **आंशिक** परीक्षा समेत सोही समयमा सञ्चालन हुने भएकाले माथि उल्लिखित मिति र समयमा आवेदन फाराम भर्नु/भराउनुहुन अनुरोध छ।

साथै निम्न सर्तहरू पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरूलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**सर्तहरू:**

१. **शिक्षालयले शैक्षिक सत्र २०७६/०७७ (ई.सं २०१९) देखि ITMS Online बाट रजिस्ट्रेसन भएका सम्पूर्ण कार्यक्रमका परीक्षार्थीहरूको नियमित/आंशिक परीक्षा आवेदन फाराम ITMS Online बाट शिक्षालयले आफ्नो User बाट Login गरी नियमितका लागि सेतो र आंशिकका लागि पहेँलो A4 साइजको कागजमा प्रिन्ट गरी परीक्षार्थीहरूलाई वितरण गर्नुपर्नेछ।**

२. नियमिततर्फ आङ्गिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी सञ्चालित संस्थाहरूको हकमा प्रति विद्यार्थी रु.१,०००/- र निजी शिक्षण संस्थाको हकमा वार्षिक परीक्षा प्रणालीको प्रति विद्यार्थी रु. २,५००/- र विलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तुर बुझाउनुपर्नेछ। साथै नियमित शुल्कको समयभित्र ITMS Online मा परीक्षार्थीहरूको आवेदन फाराम Entry नगरेमा विलम्ब शुल्क समेत लाग्नेछ।

३. **आंशिक परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयका लागि परीक्षा शुल्क रु. ३००/- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०/- का दरले नियमित शुल्कमा र विलम्ब शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनुपर्नेछ।**

४. सम्बन्धित शिक्षण संस्थाहरूले परीक्षा आवेदन फाराम बुझाउँदा विषयगत नियमित तथा आंशिक एवं नयाँ तथा पुरानो पाठ्यक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी सम्बन्धित परिषद्का प्रदेश कार्यालयमा तोकिएको मितिभित्र दर्ता गर्नुपर्नेछ।

५. सम्बन्धित शिक्षण संस्थाहरूले परीक्षा आवेदन फाराम शुल्क बापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा विलम्ब शुल्क बुझाउने **अन्तिम मितिको भोलिपल्ट** अनिवार्य रूपमा परिषद्को खातामा online बाट वा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम जम्मा गरी सक्कल बैंक भौचर ITMS Online मा Upload गर्नुपर्नेछ र **मिति २०८२ साउन २ गतेभित्र नियमित तथा विलम्ब शुल्कमा भरिएका** परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनुपर्नेछ।

६. नियमित तर्फका जेहेनदार तथा वर्गीकृत छात्रवृत्ति प्राप्त परीक्षार्थीहरूलाई परीक्षा शुल्क लाग्ने छैन।

७. **आंशिक परीक्षार्थीको हकमा शैक्षिक सत्र २०७६/७७ (ई.सं. २०१९) देखि भर्ना भई रजिस्ट्रेसन भएका विद्यार्थीहरूले मात्र परीक्षा आवेदन फाराम भर्न पाउनेछन्।** सम्पूर्ण कार्यक्रमहरूको Online आवेदन फारामहरू ITMS online मा entry गरी कार्यक्रमगत समष्टिगत फाराम क्रमानुसार मिलाई Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ।

८. आंशिक परीक्षार्थीहरूको हकमा आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरूको मात्र आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क परीक्षा फाराममा तथा ITMS online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सहीछाप गरी बुझाउनुपर्नेछ।

९. नियमिततर्फ परीक्षार्थीहरूको परीक्षा आवेदन फारामहरू ITMS online मा entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ।

१०. आन्तरिक मूल्याङ्कन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरू मात्र अन्तिम परीक्षामा सामेल हुन पाउनेछन्। आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरूले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ।

११. अन्य शिक्षण संस्थाबाट रजिस्ट्रेसन भएका विद्यार्थीहरूको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गरी स्थानान्तरण पत्र संलग्न गर्नुपर्नेछ।

CTEVT Students

१२. शुल्क बापतको रकम दाखिला परिषद्को खातामा online बाट वा परिषद्का प्रदेश कार्यालयहरूको निम्नानुसारको बैंक खातामा जम्मा गर्नुपर्नेछ।

(क) प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरीः रा.बा.बैंक, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,

(ख) प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.बा.बैंक, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,

(ग) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौंडाः रा.बा.बैंक, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,

(घ) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैंक, पार्दी, पोखरा शाखा, च.हि.नं.३५००१०००००२३४००१,

(ङ) प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा.बा.बैंक, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,

(च) प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेतः रा.बा.बैंक, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,

(छ) प्रा.शि.व्या.ता.परिषद्, सुदूर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.बा.बैंक, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ माथि उल्लिखित सम्बन्धित परिषद् प्रदेश कार्यालयको बैंक खातामा शुल्क जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ। **तोकिएको मितिभित्र शुल्क जम्मा नगरेमा सोको दोब्बर शुल्क जरिवाना तिर्नुपर्नेछ।**

**नोट :**

१. परीक्षार्थीहरूले सम्बन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बुझाउने मिति २०८२।०३।०५ गतेदेखि मिति २०८२।०३।२५ गते दिनको ३:०० बजेसम्म,

२. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने नियमित शुल्कको मिति २०८२।०३।०८ गतेदेखि मिति २०८२।०३।२५ गतेसम्म,

३. शिक्षालयले परीक्षा आवेदन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति २०८२।०३।२६ गते,

४. प्रशिक्षार्थीहरूले सम्बन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम विलम्ब शुल्कमा बुझाउने मिति २०८२।०३।२६ गतेदेखि मिति २०८२।०३।३२ गतेसम्म,

५. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने विलम्ब शुल्कको मिति २०८२।०३।२६ गतेदेखि मिति २०८२।०३।३२ गतेसम्म,

६. शिक्षालयले विलम्ब शुल्कको बैंक दाखिला गर्ने अन्तिम मिति २०८२।०४।०१ गतेसम्म,

७. सिम्बल नं. एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०८२।०३।२५ गतेभित्र नियमित शुल्कको तथा मिति २०८२।०३।३२ गते भित्रमा विलम्ब शुल्कको **ITMS Online System** मा शिक्षण संस्थाहरूले **Entry** गरिसक्नुपर्ने,

८. **ITMS online** मा दिइएको **Online Payment** मार्फत शुल्क बुझाउने शिक्षालयको हकमा प्रशिक्षार्थीको प्रवेश पत्र शिक्षालय स्वयंले प्रिन्ट गरी प्राचार्यले दस्तखत गरी शिक्षालयको छाप लगाई वितरण गर्नुपर्नेछ।

९. सम्पूर्ण शिक्षण संस्थाहरूले पाठ्यक्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य अनिवार्य रूपमा सम्पन्न गर्नुपर्नेछ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**